केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१/०७५/७६ मिति: २०७५/०५/०८

## सूचना

**सम्पूर्ण "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

यस बैंकको पत्र संख्याः बै.वि.नि.वि./नीति/सूचना/२१/०७४/७५ मिति: २०७५/०२/१५ को पत्रवाट स्थान उपलब्ध भएसम्म "एक कर्मचारी एक फलफूलको विरुवा" वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गर्न जारी गरिएको सूचना अनुसार त्यस बैंक तथा वित्तीय संस्थाहरुले हालसम्म रोपण गरेका फलफूलको विरुवाको प्रजातिगत विवरण जिल्ला प्रशासन कार्यालय, काठमाडौंको यसैसाथ संलग्न पत्रमा उल्लेखित ढाँचा र तोकिएको ठेगानामा अनिवार्यरुपमा उपलब्ध गराउनुहुन यो सूचना जारी गरिएको छ ।

भवदीय,

(वम वहादुर मिश्र)
निर्देशक

**बोधार्थ :**

श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार ।

श्री जिल्ला प्रशासन कार्यालय, ववरमहल, काठमाडौं

द.नं.: ४
मिति: २०७५/४/२

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## काठमाण्डौ
(प्रशासन शाखा)

फो नं. ४२६२८२८, ४२६२४७८, ४२६२४४८
Fax४२६७६९१

प.स :०७४।०७५
च.नं. :- ३६१८

मिति: २०७५/०३/१५

**बिषय: एक नेपाली एक फलफुलको विरुवा रोपण अभियान सम्बन्धमा ।**

श्री नेपाल राष्ट्र बैङ्क,
बालुवाटार, काठमाण्डौ ।

सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओलीज्यूबाट विश्व वातावरण दिवस, जुन ५ को अवसरमा जमिनको सदुपयोग गरी नेपाललाई फलफूलको बगैंचा बनाउने लक्ष्यका साथ "एक नेपाली एक फलफूलको विरुवा रोप्ने" अभियानको सिंहदरवार परिसरमा एभोकाडो र लिचीको विरुवा रोपी शुभारम्भ भएको विदितै छ ।

उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट एक नेपाली एक फलफूलको विरुवा अभियान भए तापनी मौसम, भूगोल एवं वातावरण अनुकुलका एक भन्दा बढी विरुवा बर्षैभरी रोपण गरी आय आर्जन एवं पर्यावरणीय सन्तुलन कायम गर्न सामूहिक प्रययासका साथ अगाडी बढ्नुपर्ने विचार व्यक्त गर्नुभएको सन्दर्भमा बर्षैभरि तहां जिल्ला भित्रका सम्पूर्ण सरकारी कार्यालय, विश्वविद्यालय एवं विद्यालय, सार्वजनिक संस्थान, बैंङ्क तथा वित्तिय संस्था एवं गैरसरकारी संस्थामा यो अभियान पूर्ण रुपमा सञ्चालन गरी वर्षायाम तथा हिंउदमा रोपिएका फलफूलका विरुवाको प्रजातिगत विवरण तपशिलको ढांचामा तयार गरी उपलब्ध गराईदिनु हुन भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ०७४-७५।६६५७ मिति २०७५।०३।०१ को पत्रबाट माग भई आएकोले तहां कार्यालय र तहाँ अन्तर्गतका सम्पूर्ण वैङ्क तथा वित्तिय संस्थाहरुले हाल सम्म रोपण गरेका फलफूलको प्रजातिगत विविरण यस कार्यालयको निम्न ठेगाना तथा कार्यालयको ईमेल daokathmandu@moha.gov.np मा समेत अनिवार्य उपलब्ध गराईदिनु हुन आदेशानुसार अनुरोध छ ।

**तपशिल**

| सि.नं. | फलफूलका विरुवाको नाम र जात | रोपिएका विरुवाको संख्या |
|---|---|---|
| | | |

विवरण पठाउने ठेगाना :-
जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं
फोन नं. ०१४२६२४७८
ईमेल ठेगाना : daokathmandu@moha.gov.np

२०७५।०३।२०
(गीतादेवी ढकाल)
प्रशासकीय अधिकृत